प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, झापा**

प.सं.: ०८०।०८१

Email: dfojhapa@gmail.com

## गोलिया तथा चिरान काठ दरभाउपत्र/बोलपत्रद्धारा लिलाम विक्रीको सूचना
## प्रथम पटक सूचना प्रकाशित मिति २०८०।१२।१३

यस कार्यालयबाट मिति २०८०।१२।१३ मा प्रकाशित सूचना बमोजिम यस कार्यालय र अन्तरगतका सव डिभिजन वन कार्यालय, सा.व.उ.स र अरिदमण गण चारआली व्यारेक कम्पाउण्डमा घाटगद्धीमा रहेको साल तथा अन्य जातका तपशिल बमोजिमका वन पैदावार जे जस्तो अवस्थामा छन् सोही अवस्थामा दरभाउपत्र/बोलपत्रद्धारा लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोवार गर्ने उद्धेश्यले रितपूर्वक दर्ता भएको फर्मको प्रमाण पत्र, मु.अ.करमा दर्ता प्रमाणपत्र र करचुक्ता भएका काष्ठ व्यवसायी वा फर्म वा कम्पनिले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालयमा दरभाउपत्र/बोलपत्र खरिद गरी तोकिएको शर्तहरुको अधिनमा रही दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारी डिभिजन वन कार्यालय, झापाको सूचना पाटीमा टाँस गरिएको छ

तपशिल

| सि.नं. | लट नं. | जात | थान | गोलिया/चिरान परिमाण क्यू. फि | घाटगद्धी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | साल । कर्मा | २२४ | ८०५.७९ | डि.व.का, झापा, जलथल स. डि. व. का, रंगियाडाँडा र त्रिवेणी सा.व.उ.स, | |
| २ | २ | साल । सिसौ | ६२५ | ५१४.६४ | कनकाई स.डि.व.का, सुरुङ्गा, दमक स. डि.व.का, वेलडाँगी र शान्ती सा.व.उ.स | |
| ३ | ३ | साल । सिसौ | ३७ | ४१८.१५ | अरिदमण गण चारआली व्यारेक | |
| ४ | ४ | साल | ५१ | ६१६.८७ | | |
| जम्मा | | | ९३७ | २३५५.४५ क्यू.फि | | |

दरभाउ पत्र सम्बन्धि शर्तशरुः

१. बोलपत्र।दरभाउ पत्र खरिदकर्ताले मिति २०८०।१२।१३ गते देखी मिति २०८१।०१।०३ गते सम्म कार्यालय समयभित्र दरभाउ पत्र खरिद गरी मिति २०८१।०१।०३ गते दिनको १:०० बजे सम्म डि.व.का, झापामा शिलवन्दि बोलपत्र दर्ता गराई सक्नु पर्नेछ ।

२. एउटा लट नं. को लागि खरिद गरिएको दरभाउ पत्र अर्को लटको प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

३. म्याद भित्र दर्ता भएका वोलपत्र। दरभाउ पत्रहरु नियमानुसार मिति २०८१।०१।०४ गते कार्यालय समय पछाडी डि.व.का, झापामा खोलिने छ ।

४. वोलपत्र।दरभाउपत्रमा अंक र अक्षरमा फरक रकम उल्लेख गरिएको पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५.स्वीकृत वोलपत्र।दरभाउपत्र दाताले विक्री सदर भएको मितिले आफुले कवोल गरेको रकम १० दिन भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ ।

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, झापा

प.सं.: ०८०।०८१

Email: dfojhapa@gmail.com

६. वोलपत्र।दरभाउ पत्र स्वीकृत भएको मितिले २१ दिन भित्र वन पैदावार इजाजत लिइ उठाइ लगि सक्नुपर्ने छ । सो म्याद भित्र वन पैदावार नउठाएमा म्याद थप दिइने छैन । संकलन खर्च वापतको रकम वोलकबोल रकम भन्दा अलग्गै थप लाग्नेछ ।

७. सहि छाप नभई तथा शिलवन्दी नभई प्रास भएको वोलपत्र।दरभाउ पत्रलाई समावेश गरिने छैन ।

८. वोलपत्र/दरभाउपत्रमा कुनै शर्त उल्लेख गरिएको पाइएमा उक्त दरभाउ पत्र स्वीकृत गरिने छैन ।

९. जुन फर्म/संस्थाबाट वोलपत्र/दरभाउपत्र खरिद गरिएको हो सोही संस्थाबाट हस्ताक्षर र छाप सहितको दरभाउपत्र मात्र मान्य हुँने छ ।

१०. खाम र वोलपत्र/दरभाउपत्रमा फारममा लट नं. फरक परेको दरभाउपत्रलाई समावेश गराइने छैन

११. वोलपत्र/दरभाउपत्र दाताले आफुले सकार गर्न खोजेको लटको कवोल अंकको १० प्रतिशतले हुँन आउने धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक भद्रपुर, झापा स्थित प्रदेश लेखा इकाई कार्यालय, झापाको धरौटी खाता नं. २२१०१००२०२०३०००० मा नगदै जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको वाणिज्य बैकहरुद्वारा जारी गरिएको ६ महिना भन्दा बढीको बैक ग्यारेन्टी धरौटीको रुपमा दाखिला भएको प्रमाण समावेश भएको हुनुपर्ने छ ।

१२. वोलपत्र/दरभाउपत्र खरिद गर्न आउदा यस आ.व का लागि नविकरण भएको इजाजत पत्र, मु.अ.कर प्रमाण पत्र र गत आ.वको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नुपर्ने छ ।

१३. वोलपत्र कवोल गरेको काठहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्दछ ।

१४. दरभाउपत्रमा लटमा उल्लेखीत प्रत्येक जात र ग्रेडको सकार रकम स्पष्ट उल्लेख गराउनु पर्ने छ ।

१५. दरभाउपत्र जुन कार्यालयबाट खरिद गरे पनि यस डिभिजन वन कार्यालयमा मात्र दर्ता गर्न पाइने छ ।

१६. कोशी प्रदेश वन नियमावली २०८० को नियम १४८ बमोजिम सूचिकृत भएका उधोगले मात्र लिलाममा भाग लिन पाइने छ ।

१७. प्रदेश सेवा शुल्क वापतको रकम साल र सिसौ जातको प्रति क्यू.फि रु ७।०० र अन्य जातको हकमा रु ३।०० का दरले अतिरिक्त शुल्क लाग्ने छ ।

१८.अन्य थप कुरा आवश्यक परेमा यस कार्यालयको प्रशासन शाखाबाट कार्यालय समयमा जानकारी लिन सकिनेछ ।